# पुर्वीचौकी गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद उपाध्याय ज्यु द्धारा
# गाउँ सभाको १३औ अधिवेशनमा प्रस्तुत गरिएको
# आ.व. २०८०/०८१ को वार्षिक
# नीति, कार्यक्रम तथा बजेट २०८०

## पुर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## सानागाउ, डोटी सुदुरपश्चिम प्रदेश नेपाल

यस पुर्वीचौकी गाउँपालिकाको गाउँ सभाको १३औ अधिवेशनमा उपस्थित उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, संचारकर्मी मित्रहरु र सबै ठाउँबाट पाल्नु भएका आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु, समाजसेवी, वुद्धिजिवी महानुभाहरु, पुर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस गरिमामय सभामा पुर्वीचौकी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा पुर्वीचौकी गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण राजनैतिक दल, संघ संस्था, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पुर्ण कर्मचारीहरुमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

देशमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा अमुल्य जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण वीर शहिदहरुप्रति हार्दिक भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु ।

आर्थिक समृद्धि मार्फत गरिबी निवारण गरि समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामी प्रतिबद्ध भइ सो अनुरुपको नीति तथा कार्यक्रमका लागि हामी संकल्पित छौ ।

नेपालको संविधानको अनुसूची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय, समावेशीकरण, लैंगिक मुलप्रवाहीकरण, सुशासन, पारदर्शिता तथा प्रभावकारिता सहितको समृद्धि ल्याउन हामी सबै प्रतिबद्ध छौ। अबका दिनहरुमा महामानव विश्वेश्वरप्रसाद कोइरालाले बोक्नु भएको समाजवादको आदर्श अनुसार पुर्वीचौकी गाउँपालिकामा रहेको पिछडिएका वर्ग र गरिबी बिरुद्ध एकीकृत भई अगाडी बढ्ने हाम्रो अभियान सुरु हुनेछ।

**आदरणीय सभासद ज्यु तथा उपस्थित महानुभावहरु :**

**अब म गाउपालिकाको नीति तथा कार्यक्रमका नीतिगत आधारहरु, उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु**

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका नीतिगत आधारहरु :**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७
- संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विधमान राष्ट्रिय प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङकन कार्यविधी, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक दफा र नियम
- स्थानीय तहको आवद्यिक योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरु
- पन्धौ योजनाले निर्दिष्ट गरेका एवम् लक्ष्य उद्देश्यहरु
- दिगो विकासका लक्ष्यहरु
- विकासका अन्तर सम्बन्धित विषयहरु
- स्थानिय सरकारले जनता समक्ष गरेका प्रतिवद्वताबाट सिर्जित दायित्व
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा यसको सम्भाब्यता

**यस नीति तथा कार्यक्रमका मुलभुत उद्देश्यहरु :**

- गुणस्तरीय पुर्वाधार निर्माण, रोजगार अभिवृद्धि, समावेशी आर्थिक वृद्धि तथा गरीबी निवारण गर्दै पुर्वीचौकी गाउपालिकाको समृद्धिको आधार निर्माण गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ र सन्तुलित वातावरण र जवाफदेही सार्वजनिक सेवाको अनुभुति गराइनेछ
- पुर्वीचौकी गाउपालिकाको सामाजिक-आर्थिक रुपान्तरण गरी समकक्षी समक्ष आफुलाई उदाहरणीय पालिकाको रुपमा स्थापित गर्ने मार्गमा अग्रसर गरिनेछ ।

**आदरणीय सभासद ज्युहरु,**

**अब म आ.व २०८०/०८१ विषयगत क्षेत्र अनुसार नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु**

**(क) आर्थिक विकास (कृषि तथा पशु, पर्यटन, उधोग, सहकारी र वित्तीय विकास) :**

- गाउँपालिकाको राजश्व संकलन तथा परिचालन, वित्तीय व्यवस्थापनका लागि राजश्वको दायरा अभिबृद्धि गर्दै राजश्वका दरहरु घटाइने नीति लिइनेछ ।

- बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने वित्तीय सेवामा आम नागरिकको पहुच अभिबृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तीय साक्षरता, अभिमुखीकरण एवं क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम बैंक तथा वित्तीय संस्थाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको जीवन निर्बाहमुखि कृषि क्षेत्रको व्यवसायिकरण गरि कृषिमा आत्मनिर्भर बनाउदै लग्न अध्यक्ष सँग कृषक कार्यक्रम सञ्चालन गरि कृषि र पशुपालन व्यवसायीहरुको क्षमता अभिवृद्धि गर्दै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ, जसमा युवा जनशक्तिलाई आकर्षण गरिनेछ ।
- कृषि बिकासका लागि पकेट क्षेत्रको पहिचान गरि व्यावसायिक खेती, नगदे खेती एवम् उच्च सम्भावनायूक्त तरकारी तथा फलफूल खेतिलाई प्रोत्साहन गरिने छ ।
- पुर्वीचौकी गाउँपालिका भित्र सिंचाई सुबिधा उपलब्ध गराउन उपयुक्त सिचाईका प्रविधि तथा आकाशे पानी संकलन तर्फ सहकार्य गरिनेछ ।
- व्यवसायिक खेति गर्ने कृषकहरु पहिचान गरि प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- किसानले आवश्यकता महसुस गरेका बखत तत्काल कृषि तथा पशु प्राबिधिक किसानको घर दैलोमा पुग्ने गरि जनशक्ति व्यवस्थापन गर्न प्रयास गरिनेछ ।
- पुर्वीचौकी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाइने गरि कार्यक्रम संचालन गरिनेछ।
- महिलाको क्षमता अभिवृद्धि गरि घरपरिवार तथा समाजमा महिलाहरुले गरेको कामलाई उच्च मुल्याङकन गर्ने नीति लिइनेछ । जसका लागि उपाध्यक्षसँग महिला सम्बन्धित विकास कार्यक्रम सञ्चालन गरिनेछ
- **बालबालिका भविष्यका कर्णधार** भन्ने नाराका साथ बाल क्लव गठन तथा परिचालन र निर्णायक तहमा अर्थपुर्ण बाल सहभागिता गराइने नीति लिइनेछ । जसका लागि बालमैत्री स्थानिय शासन तथा सिमान्तकृत बालबालिकाको लागि राहत कोष कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिने छ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा बैंकिङ प्रणाली मार्फत प्रदान गर्दै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ त्यसको लागि वित्तीय संस्थाहरुको प्रतिस्पर्धात्मक व्यवस्था मिलाइने छ ।
- **'पूर्वीचौकी गाउँपालिकाको इच्छा नैतिकता सहितको पुर्ण शिक्षा'** नारा सहित समाजमा रहेका सिकाइ केन्द्रहरुको प्रभावकारिता बढाइने नीति लिइनेछ ।
- **हाम्रो कला संस्कृति हाम्रो पहिचान** नारा सहित पूर्वीचौकी गाउँपालिकामा रहेका रानढुङ्गा, त्रिवेणीधाम, मालिका मन्दिर लगायतका मन्दिरहरु संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ ।
- अपाङ्ग, अल्पसङ्ख्यक तथा ज्येष्ठ नागरिकको सम्मानित जिवनयापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि क्षमता विकास तथा आयआर्जन कार्यक्रम र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

- पुर्वीचौकी गाउपालिका भित्र व्यक्तिहरुले प्रयोग गरि रहेका गुठी (काडामाण्डौको मालिका र पोखरीको हनुमान क्षेत्र) जमीनलाई रैकरमा परिणत तथा व्यवस्थापन गर्न संघीय सरकार सँग पहल गरिनेछ ।
- कृषिजन्य वस्तुको आयातमा प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभुत गराउन कृषि, पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम प्राथमिकतामा राखि सञ्चालन गरिनेछ । धान, मकै, तोरी, तरकारी, फलफुल, माछामासु र दुधमा आत्मनिर्भर हुन सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ । प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिइनेछ ।
- कृषकहरुले उत्पादन गरेको खाद्यान्नको बजारिकरणका लागि सहकारी मार्फत अनुदान प्रदान गरि बजार कनेक्टिभिटि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **आवश्यक विउ, आफै उत्पादन गरौं** भन्ने नाराका साथ रैथाने विउको संरक्षण गरि विउमा आत्मनिर्भर हुन धान, गहुँ, मकै जस्ता प्रमुख खाद्यान वाली एवमं दाल, तरकारी आदिको विउविजनको उत्पादनलाई प्रशोधन र बजारीकरण गरिनेछ । जसका लागि संघ, प्रदेश सरकार तथा अन्य पक्षसंग समन्वय र सहकार्य गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको मुख्य पहिचानको रुपमा रहेको बासमती धानको प्रसोधन तथा बजारीकरण गरिनेछ।
- जनताको चाहाना बमोजिम कृषि तथा पशुको संरक्षण कार्यक्रम अन्तर्गत कृषि वाली तथा पशु विमा कार्यक्रमलाई अनिवार्य गर्ने नीति लिइनेछ ।
- कृषकहरुलाई समयमा बिउ, मलखाद तथा किटनासक बिषादी उपलब्ध गराउन सहकार्य गरिनेछ।
- कृषि सहकारीहरुको पहिचान गरि सहकारी सस्थाहरुलाई उत्पादनशील क्षेत्रमा क्रियाशील बनाइनेछ।
- बेरोजगार युवाहरुलाई कृषि कार्य तर्फ आकर्षण गर्न बिशेष प्रकारका स्वरोजगार कार्यक्रम संचालन सहकार्य गरिनेछ ।
- बैज्ञानिक गोठ ब्यबस्थापन कार्यक्रम संचालन गर्न सरोकार वालाहरुसंग समन्वय गरिनेछ ।
- पशुहरुको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पकेट क्षेत्रको रुपमा उपयुक्त व्यवसाय, तरकारी, बिउ र उपयुक्त अन्नबाली लाई छनोट गर्न अध्ययन अनुसन्धान गरिनेछ ।
- पशुपालनको बिकासका लागि स्थानीय तहमा दाना उत्पादन उद्योग खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- पशु पंक्षीबाट सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- बजार पूर्वाधार सुधार तथा निर्माण गरी स्थानीय बजारको सञ्जालनतर्फ आवश्यक पहल गरिनेछ ।

- सुनौला १००० दिनका आमा तथा बच्चाको पोषण सुरक्षाका लागि करेसाबारी तथा घर बगैंचा स्थापनामा सहयोग गरिनेछ ।
- स्रोत र साधन सम्पन्न विद्यालयमा आन्तरिक आय वृद्धिका लागि कृषि तथा पशुपालन सम्बन्धी विशेष कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।
- सहुलियत कृषि कर्जा परिचालनमा प्रवर्द्धक तथा समन्वयकारी भुमिका निर्वाह गरिनेछ ।
- प्राकृतिक नदिनाला ताल तलैया तथा अन्य जलासयजन्य क्षेत्रहरुमा आवश्यक ब्यवस्थापन गरि पर्यटन प्रवर्द्धन तथा दिगो आम्दानीको स्रोतको विकास गरिनेछ। जसमा माछापालन जस्ता ब्यवसायहरु समेत विस्तारमा विशेष जोड दिइनेछ ।
- परम्परागत पशुपालनलाई ब्यवसायिकरण तर्फ लैजान चेतना विस्तार गरिनेछ ।
- **किसान हुनमा, मलाई गर्व छ** भन्ने नाराका साथ उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- **'माटो जोगाउ उत्पादन बढाउ'** भन्ने नाराका साथ प्रत्येक वडामा एक/एक वटा पकेट विकास कार्यक्रमलाई निरन्तरता र जडीबुटी विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्नका लागि प्रत्येक विद्यालयहरुमा स्थानीय उत्पादित खाद्यान्नको खाजा खुवाउने कार्यक्रम निजि क्षेत्र, गैरसरकारी संस्था र सहकारी क्षेत्रको समन्वय र सहकार्यमा निरन्तरता दिइने नीति लिइनेछ ।
- बेरोजगार तथा विदेश पलायन हुने युवालाइ ब्यवसायिक पशुपालन, सामुहिक तरकारी खेती तथा कृषितर्फ उन्मुख गराइ आफ्नो गाउँ ठाउँमा रोजगारीको सिर्जना पहल गरिनेछ।
- व्यवसायिक पशुपालन सम्बन्धी आधारभुत ज्ञान तथा सिपका लागि पशुपालन सम्बन्धी तालिम संचालन गरिनेछ।
- सरुवा तथा अन्य रोगहरु नियन्त्रणका लागि ७ वटै वडाहरु पशु शिविरहरु संचालन गरिनेछ ।
- पशुको बाह्य परजिवी तथा आन्तरिक परजिवी सम्बन्धी निदानका लागि आधारभुत ल्याव स्थापनातर्फ आवश्यक सहकार्यका लागि आह्वान गरिनेछ ।
- ट्राउट मत्स्यपालन गर्न कृषकहरुलाई चेतना विस्तार गरिनेछ र सो प्रविधिका लागि आवश्यक सहकार्य गर्न आह्वान गरिनेछ ।
- पशु तथा पंक्षीपालन गर्ने कृषकहरुलाई संगठित गर्न यस वर्षदेखि समुह गठन तथा दर्ता प्रक्रियालाई प्रोत्साहित गरिनेछ।
- उन्नत जातका पशुचौपायाको विकासको लागि उन्नत नश्ल सुधार कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ।

- सिपमुलक तालिमको गुणस्तर अभिवृद्धि गर्न प्राथामिकताका आधारमा लघुउद्यम विकास तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरि कम्तिमा १०० दिनको रोजगार दिने कार्यक्रमलाई निरन्तरता दिने साथै प्रधानमन्त्री रोजगार कार्यक्रममा गाउँपालिकाको साझेदारी गरि बढी भन्दा बढी रोजगारमा सहभागी गराउने नीति लिइनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंक तथा रोजगार सूचना केन्द्रको रूपमा विस्तार गरी रोजगारी प्राप्तीलाई सहज बनाइनेछ ।
- प्राथमिकितामा परेका वेरोजगार व्यक्तिहरुलाई तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सुचिकृत फाराम बारे जनप्रतिनिधीहरु तथा वडाका कर्मचारीहरुको लागि तालिमलाई निरन्तरता दिइनेछ।
- **'कृषि, पर्यटन, वन वातावरण र व्यापारः पुर्वीचौकी समृद्धको मुल आधार'** भन्ने नारालाई आत्मसाथ गर्दै कृषि, पर्यटन वन वातावरण र व्यापार क्षेत्रमा व्यवसायीकरण गर्ने नीति लिइनेछ ।
- कृषि तथा पशुपालन सम्बन्धी कार्यलाई पूर्ण व्यावसायिक बनाउन **उत्कृष्ट कृषक अनुदान** कार्यक्रम सञ्चालन गरिनेछ ।
- जैविक (Organic) कृषि पकेट क्षेत्रको विकासका लागि **एक वडा एक जैविक फर्म** स्थापना गर्न प्राविधिक सहयोग तथा अनुदानको व्यवस्था गर्ने नीति लिइनेछ ।
- बाँदर लगायतका बन्यजन्तुको प्रकोप बाट बालीनाली संरक्षण गर्न : खुर्सानी, बेसार, अदुवा, चिया बोट, कागती र अमिलो खेतीलाई बढी प्राथमिकता दिने निति लिइनेछ ।
- सहकारी संस्था मार्फत **घर घरमा रोजगारी टोल टोलमा सहकारी** कार्यक्रम सञ्चालन गरिनेछ ।
- घरेलु तथा साना उधोग अन्तरगत लघुउद्मम कार्यक्रमबाट तालिम प्रदान गरि साना उधोग सञ्चालन गर्न गाउपालिका मार्फत ५० प्रतिशत अनुदानको उपलब्ध गराइने नीति लिइनेछ ।
- पशु पोषणमा सुधार ल्याउन सचेतना कार्यक्रम संचालन गरिनेछ।
- रानढुङ्गा पर्यटकिय क्षेत्रलाई पुर्णता दिन प्रदेश तथा संघ सरकारसँगको सहकार्यलाई निरन्तरता दिनेछ।
- पुर्वीचौकी गाउँपालिकाबाट नेपालको सबै भन्दा आकर्षक तथा पर्यटकीय क्षेत्र खप्तड राष्ट्रिय निकुञ्जसम्म पुग्ने पर्यटकका लागि केबुलकार, सडक र पदमार्ग (रेलिङ्ग सहित बाटो) निर्माण गर्न प्रदेश, संघ सरकार तथा दातृ निकायसँग सहकार्य गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेको ऐतिहासिक चैकोट दरबारको भग्नावशेषलाई संरक्षण गर्दै सो क्षेत्रलाई सम्बर्द्धन तथा बिकास गर्न बिस्तृत डीपीआर बनाई कार्यक्रम संचालन गरिनेछ।

- सहकारीको सिद्दान्त बमोजिम सम्पूर्ण सहकारीहरुको नियमन, अनुगमन, निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- सहकारीताको सिद्दान्त र मर्म बमोजिम सहकारी संस्थाहरुको दर्ता संचालन एवम व्यवस्थापनमा जोड दिइनेछ।
- सहकारीको दर्ता तथा अभिलेख ब्यबस्थापनलाई ब्यबस्थित गरिनेछ र सस्थाको सुशासन तथा पारदर्शिताको लागि प्रत्येक सस्थामा सहकारी सदस्य बडापत्र तथा ब्रोसर प्रकाशन गर्न लागाइने छ र जिन्सी सामानको अभिलेख राख्ने ब्यबस्था मिलाइनेछ।
- सहकारीहरुको अनलाइन रिपोर्टिंग सिस्टम बिकास गरिनेछ र कार्यक्षेत्र भन्दा बाहिर गइ कार्य गर्ने सहकारी सस्थाहरुको नियमन गरिनेछ ।
- स्थानीय भुमि बैकको स्थापना गरि खेर गईरहेको बाँझो जमिनको उपयोगको लाग कृषि फर्म तथा अन्य व्यवसाय गर्ने व्यक्तिलाई उपलब्ध गराइनेछ ।

**आदरणीय सभासद ज्युहरु**

**अब सामाजिक विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

(ख) **सामाजिक बिकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण )**

- प्रत्येक वडाहरुमा टोल विकास संस्था गठन गर्न पहल गरिनेछ।
- पालिका क्षेत्रका सबै जातजाति, भाषा, धर्मको स्पष्ट बर्गीकृत तथ्याङ्क आउने गरी गाँउपालिकाको प्रोफाइल तयारी गर्न पहल गरिनेछ
- सबै घरमा स्वच्छ पानीको पहुच भन्ने नाराका साथ पुर्वीचौकी गाउपालिकामा एक घर एक धारा अवधारणालाई व्यवस्थित गरिदै लगिने नीति लिइनेछ । साथै सानागाउ खानेपानीलाई थप व्यवस्थित गरिनेछ ।
- खानेपानी, स्वच्छता तथा सरसफाई घोषणा कार्यक्रम गर्न पालिका स्तरीय **खानेपानी वोर्ड स्थापना** गरि प्रक्रिया अगाडी बढाइनेछ ।
- पालिकालाई सफा तथा स्वच्छ बनाउन ल्याडफिल साइडको निर्माण गर्ने नीति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।
- **"अनुशासन र स्वास्थ्यका लागि खेलकुद"** लाई अभियानका रुपमा संचालन गर्दै पालिकामा खेलकूदको प्रबर्धन गरिनेछ ।

- जेष्ठ नागरिक आश्रम स्थल निर्माणको लागि संघ तथा प्रदेश सरकार सँग समन्वय एवं पहल गरिनेछ।
- जनताको स्वास्थ्य उपचार पाउने मौलिक हक कार्यान्वयन गर्नका लागि पूर्वीचौकी गाउँपालिकामा २४ सै घण्टा डाक्टरको सेवा निरन्तरता दिइनेछ ।
- गुणस्तरिय स्वास्थ्य उचार पाउने जनताको अधिकार प्रवर्द्धन दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापन तथा गुणस्तरिय स्वास्थ्य सामाग्रिहरुको व्यवस्थापन गर्ने नीति लिइने छ । जसका लागि SBA तालिम लगायतका अति आवश्यक तालिमहरु सञ्चालन गरि प्रत्येक वर्थिङ सेन्टरहरुमा तालिम प्राप्त जनशक्तिको व्यवस्थापनलाई निरन्तरता दिई खोपकेन्द्र र गाउँघर क्लिनिकको सञ्चालनमा पनि निरन्तरता दिइनेछ ।
- बहुक्षत्रीय पोषण कार्यक्रम सम्बन्धी निति तथा कार्यक्रमहरुलाई क्रमश रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबल उच्च पार्नका लागि २४सै घण्टा सेवा गर्ने वर्थिङ सेन्टरका अ.न.मि. हरुलाई प्रोत्साहन भत्ताको व्यवस्थापनमा निरन्तरता दिइनेछ ।
- जनताको स्वास्थ्य सेवा पहुच अभिवृद्धि गर्नका लागि दक्ष चिकित्सक सहितको प्रत्येक वडामा एकीकृत घुम्ति सिविरहरु सञ्चालन गरिनेछ ।
- वडामा सञ्चालनमा रहेका ल्यावहरुको उचित व्यवस्थापन गरि पुर्विचौकी गा.पा वडा नं. ४ को ल्याब सेवालाई सुविधा सम्पन्न बनाइदै लगिने छ ।
- पूर्वीचौकी गाउँपालिकाको यौनिक तथा लैङ्गिक हिंसा अन्त्य अभियान अन्तर्गत उपाध्यक्ष महिला सशक्तिकरण र सीप विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- **"युवा नै राष्ट्र निर्माणका सम्वाहक हुन"** भन्ने मुल नाराका साथ पूर्वीचौकी गाउँपालिका भित्र रहेका वेरोजगार युवाहरुलाई आत्मनिर्भर हुन, बाझो रहेका जमिनहरुमा समुह बनाई सामुहिक खेति गर्ने निति लिइनेछ ।
- **हाम्रो गाउँ स्वच्छ गाउँ** मार्फत क्षयरोग, कुष्ठरोग जस्ता सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि न्यानो कपडा तथा एक प्याकेट आयोडिन नुन निःशुल्क प्रदान गरिने व्यवस्था गरि होम डेलिभरीलाई शून्यमा झार्ने नीति लिइनेछ।
- न्यायिक समितिको कार्यसम्पादन प्रभावकारी बनाउन न्यायिक समिती सचिवालयलाई व्यवस्थित गर्दै घरेलु हिंसा, लैङ्गिक हिंसा, छाउपडि प्रथा जस्ता प्रथाहरुको अन्त्य गरि समतामुलक समाज निर्माण गर्ने नीति लिइने छ । जसका लागि न्यायिक समितीबाट अभियानमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

- महिलाको पाठेघरको मुखको क्यान्सर तथा आँङ खस्ने जस्ता रोगको पहिचान एवमं निदान गर्न गाउँपालिकामा विशेषज्ञ सहितको स्वास्थ्य सिविर सञ्चालन गरिनेछ । जसका लागि FPAN जस्ता गैरसरकारि संस्थाहरुको समन्वय र सहकार्यमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- एम्बुलेन्स सेवा एकीकृत रुपमा सञ्चालन गर्न गाउँपालिमा समन्वय केन्द्र स्थापना गरि एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ । साथै मातृ मृत्युदर न्युनिकरण गर्नका लागि सुत्केरी हुदा बखत महिलालाई निःशुल्क एम्बुलेन्स सेवामा निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गहरुका लागि पूर्वीचौकी गाउँपालिकाको बसमा निःशुल्क सेवामा निरन्तरता दिइनेछ । साथै अध्ययनरत विधार्थीहरुलाई कानुन बमोजिम छुट दिइने व्यवस्था गरिनेछ ।
- **"सामुदायिक विद्यालयको गुणस्तरिय शिक्षा र प्रभावकारिता, पूर्वीचौकीको इच्छा"** भन्ने नाराका साथ विद्यालयको क्षमताका आधारमा अंग्रेजी माध्यमबाट हुने पठनपाठनलाई निरन्तरता दिइनेछ ।
- **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"** अभियान मार्फत मानसिक रोग, दिर्घ रोग तथा नसर्ने रोगको रोकथाम र न्युनिकरणका लागि अभियान सञ्चालन गरिनेछ ।
- **"पूर्वीचौकी गाउँपालिकाको सन्देश, छुवाछूत माथि पुर्ण बन्देज"** भन्ने नाराका साथ सशक्तिकरण कार्यक्रम तथा परम्परागत सीप सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरि सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धी गरिनेछ । जसका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने सामुदायिक विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- उपाध्यक्षसँग महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ । जसका लागि महिला स्वयम सेविकाको क्षमता विकास तथा प्रोत्साहन सम्बन्धि कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा सञ्चालनमा रहेको प्राविधिक धारको विद्यालयको शैक्षिक सुधारका लागि छुट्टै कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि सरस्वति मा.वि.को ईन्जिनियरिङ विधाको सुधार, मष्टामाण्डौं मा.वि.मा वन विज्ञान र शाजेन्द्रेश्वर मा.विमा कृषि विषयको अध्ययन गराउन थप पहल गरिनेछ ।
- यस गाउपालिकामा स्नातक तहको पठनपाठनको लागि सुदुरपश्चिम विश्वविधालय वा त्रिभुवन विश्वविधालयसँग पहल गरिनेछ ।
- सामुदायिक विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न र छात्राका लागि हाइजेनिक स्यानिटरी प्याड वितरण तथा सरसफाइ व्यवस्थापन गर्न आवश्यक सहयोगमा निरन्तरता दिदै किशोर/किशोरीको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयमा स्थानिय पाठ्यक्रमको माध्यमबाट पठनपाठन हुने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- प्रत्येक विद्यालयहरुमा ाा मैत्रि पठनपाठन हुने व्यवस्था सञ्चालन गर्ने नीति लिइनेछ । जसका लागि प्रत्येक विद्यालयहरुमा ईन्टरनेटको सुविधालाई प्रभावकारी बनाइने नीति लिइने छ ।
- गरिब, विपन्न, दलित र पिछडिएका उत्कृष्ठ बालबालिकाहरुको उच्च शिक्षाको लागि छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ ।
- खेलकुद क्षेत्रको समग्र विकासको लागि गाउँपालिका स्तरमा सुविधा सम्पन्न एक खेलकुद मैदान निर्माण संघ, प्रदेश सरकार र अन्य पक्षको सहकार्य र समन्वयमा स्थापना गरिने नीति लिइनेछ । साथै प्रशिक्षणको माध्यमबाट खेलाडीहरुको वृद्धिविकास र खेलकुदको विकास र विस्तारका लागि गाउँपालिकामा खेलकुद विकास समिति गठन गरि सो समिति अन्तरगत रहने गरि खेलकुद प्रशिक्षकको व्यवस्था गरिने छ साथै सो समितिको राय सल्लाह सुझाव अनुसार गाउँपालिका स्तरिय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई व्यवस्थित बनाइनेछ ।
- शिक्षाको गुणस्तर सुधार गर्नका लागि सरोकारवालाको समन्वय र सहकार्यमा पहिलो पटकलाई समुदायमा रहेका विधालय र वालविकास केन्द्रहरुलाई नजिकका विद्यालयमा समायोजन गर्ने नीति लिइनेछ । जसका लागि प्राविधिक विज्ञ टोली गठन गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनताको स्वास्थ्य विमालाई अनिवार्य गरिनेछ ।
- जनताको उत्पादन गाउँपालिकाको संरक्षण अन्तर्गत खाद्य उत्पादन संरक्षणका लागि पूर्वीचौकी गाउँपालिकामा संकलन केन्द्र तथा शितभण्डार निर्माण गर्ने नीति लिइनेछ । यसका लागि संघ, प्रदेश सरकार र सम्बन्धित सरोकारवालाको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ
- **"जेष्ठ नागरिक सँग पालिका सरकार"** भन्ने नाराका साथ जेष्ठ नागरिक, अपाङ्ग र अशक्तको सामाजिक र आर्थिक अवस्था लगत संकन सहितको अभिलेख बमोजिम ६० वर्ष उमेर समुह माथि र सामाजिक सुरक्षा भत्ता नपाएका एकल पुरुष र महिलालाई सामाजिक सुरक्षा भत्ता र निशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने नीति लिइनेछ ।
- सम्भावना र आवश्यकताको आधारमा पालिकामा **एक जेष्ठ नागरिक मिलन केन्द्र स्थापना** तथा सञ्चालनको प्रबन्ध गरिनेछ ।
- खरमुक्त घरको, छाना अभियान सञ्चालन गरि खरले छाएका घरलाई टिनको छाना लगाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- स्वयसेविका दिदिबहिनीहरुको आयआर्जन बढाउने उद्देश्यले **स्वयसेविका आयआर्जन कोष**को स्थापना गरि गाउपालिकाबाट अनुदान उपलब्ध गराइनेछ । साथै साथै सानागाउ स्वास्थ्य चौकीबाट उपलब्ध हुने स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- बालविवाह मुक्त घोषणा कार्यक्रमलाई सार्थक बनाउन **विवाह कार्डमा बर बधुको अनिवार्य रुपमा उमेर** समावेश गर्ने अभियान सञ्चालन गरिनेछ ।
- **एक वडा एक बालमैत्री बगैचा** कार्यक्रम निर्माणमा पहल गरिनेछ ।
- अपाङ्गता वा फरक क्षमता भएका नागरिक कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।
- **'बाबु आमा बोझ हैनन् वृक्ष हुन"** भन्ने नैतिक धारणाको विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गैर सहकारी संस्था/उपभोक्ता समितिलाई योजना सञ्चालन व्यवस्थापनका सवालमा गुणस्तरीय पुर्वाधार निर्माणमा थप जिम्मेवारी बनाइने नीति लिइनेछ ।
- यस पुर्विचौकी गाउपालिका रहेका पुरातात्विक सम्पदाको लगत संकलन गरि धार्मिक पर्यटनमा जोड दिने नीति लिइनेछ
- आर्युवेदिक जडीबुडी खेती प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।
- युवाहरुलाई स्वदेशमा राख्न "**गाउँमै कमाउने गाउँमै रमाउने**" वातावरण सिर्जना गरिनेछ ।
- बजार व्यवस्थापन गर्न पालिकाको क्षेत्र भित्र रहेका सबै व्यवसायलाई अनिवार्य रुपमा पालिकामा दर्ता गर्ने निती लिइनेछ
- परम्परागत आरनलाई विधुतीय आरनमा रुपान्तरण गरिने छ ।
- परम्परागत लोक बाजालाई व्यवसायकरणको लागि पालिका भरिका बादकहरुको सञ्जाल निर्माणमा पहल गरिनेछ ।

- स्वयमसेवक शिक्षक, बालविकास शिक्षक, विद्यालय सहायक र सहयोगी कर्मचारीहरुलाई दिदै आएको सेवा सुविधालाई आन्तरिक स्रोत वृद्धि गरि थप सुविधा प्रदानका लागि पहल गरिनेछ ।
- आकस्मिक निरीक्षण र उपचारात्मक सुपरीवेक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा तोकिएका सूचक पुरा गरेका विद्यालयलाई नमुना विद्यालय छनौट गरी सो विद्यालयलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न आवश्यक पुर्वाधारको विकासका लागि विद्यालयहरुमा अनुकुल वातावरण सिर्जना गरिनेछ ।

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक गाँउपालिका घोषणा गर्नका लागि आवश्यक पूर्वाधार तयार पार्न विद्यालय भर्ना नभएका विद्यालय उमेरका बालबालिका र बीचैमा विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालयमा भित्राउने कार्यक्रम ल्याईनेछ ।
- खोप कार्यक्रमलाइ प्रभावकारी रुपबाट संचालन गरिनेछ। नयाँ नयाँ खोपहरु थपिनेछ ।
- समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत ब्यबस्थापन कार्यक्रम संचालन गरिनेछ।
- पालिका भित्र रहेका स्वास्थ्य चौकीमा सुत्केरी सेवा प्रभावकारी व्यवस्थापन गर्न डेलिभरि वेड, पावर ब्याकप, स्टेचरको सहज उपलब्धताको सुनिश्चता गरिनेछ ।
- कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता ब्यबस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- बिपन्न नागरिकहरुलाई विभिन्न रोगहरु जस्तैः क्यान्सर, मुटुरोग, मृगौला रोग, सिकल सेल, अल्जेमर, पार्किन्सन, हेड इन्जुरी, स्पेनल कार्ड इन्जुरीमा दिइने निःशुल्क सेवाहरुलाई सिफारिस दिने कार्य निरन्तरता दिइनेछ।
- हात्तीपाइले, एच.आइ.भी.एड्स, यौन रोग नियन्त्रण, आदिका क्षेत्रमा कार्यक्रम संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम (स्वास्थ्य बिमा) लाई प्रभावकारी रुपमा संचालन गरिने छ।
- स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ बनाइ आउट रिच सेवा संचालन गरिनेछ।
- गाउपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा तर्फ उन्मुख गराइनेछ ।
- गाउ घर क्लिनिकको अवधारणा अनुरुप त्यसबाट दिइने सेवालाई गुणस्तरिय बनाईने छ ।
- स्वास्थ्य क्षेत्रमा स्वास्थ्य स्वयम् सेविकाको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंसेविका विउ पूँजी कोष स्थापना गर्न पहल गरिनेछ ।
- भविष्यमा आइपर्न सक्ने विविध स्वास्थ्य जन्य प्रकोप नियन्त्रणका लागि कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय स्वास्थ्य चौकीहरु, सामुदायिक स्वास्थ्य केन्द्रहरुमा आवश्यक औषधि एबम स्वास्थ्य उपकरण खरिद गरि उपलब्ध गराइनेछ ।
- यस पालिका क्षेत्रका औषधिजन्य बनस्पति, जडिबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरणको लागि आवश्यक सहकार्य गरिनेछ ।
- गाउँपालिका तहमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन गरिनेछ
- निजी क्लिनिक एबम अस्पतालहरु संचालन गर्न दर्ता अनुमति दिने र नियमन गर्ने नीति लिइनेछ।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोपैथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य सेवा ब्यबस्थापन गर्न सहकार्य गरिनेछ ।

- पूर्ण सरसफाईको कार्यक्रम पालिकाका सम्पूर्ण वडाहरुमा कार्यान्वयनमा ल्याइनेछ र यसका लागि दातृ सस्थाहरुसंग समन्वय गरिनेछ ।
- वडा तहमा व्यक्तिगत सरसफाई तथा पानी सुद्दिकरणका उपायहरुको बारेमा अभियान संचालन गरिनेछ।
- गाउँ, घर-आगन, बाटो, टोल सफा राख्नका लागि नियमित सरसफाई गर्ने पद्दतिको बिकास गरिने छ र यसको नेतृत्व सम्बन्धित वडा समितिलाई दिइनेछ ।
- "सरसफाई लगानी हो" भन्ने अभियान सुरू गरिनेछ ।
- कार्यरत प्राबिधिक कर्मचारीको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- सुर्तिजन्य पदार्थ तथा मादक पदार्थको विक्री वितरण तथा सेवनलाई नियमन गरिनेछ ।
- नेपाल सरकारले निशुल्क दिने औषधी बाहेकका अन्य औषधीहरु खरिद गरि निमुखा सेवाग्राहीहरुलाई निशुल्क वितरण गर्ने नीति लिइनेछ ।
- अति गरिब विपन्न तथा विद्यालयबाट बन्चित महिलाहरुको आर्थिक सशक्तिकरणका लागि समुह समिति गठन गर्दै उक्त महिलाहरुका लागि सहकारीमा आवद्धता गरिने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- घरेलु हिसा लैगिक हिसा न्यूनीकरण गर्दै समाजमा महिलाको उचित मान मर्यादाका साथ जीवन व्यतित गर्ने वातावरण सिर्जनाका लागि महिला सशक्तिकरण सम्बन्धी विभिन्न तालिम र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लैगिक तथा घरेलु हिसा यौन शोषण लगायत जोखिममा परेका बालबालिका अपाङ्गता भएका एकल महिला यौनिक तथा अल्पसंख्यकलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सन्चालन गरिनेछ।
- महिला सशक्तिकरण र सीपमुलक तालिमहरुमा बिशेष गरी विपन्न समुदाय र बञ्चितिकरणमा परेका महिलाहरुलाइ प्राथमिकता दिइनेछ ।
- लैङ्गिक हिसामा परेका पीडित तथा प्रभाबितहरुको तत्काल उद्धार राहत तथा पुनर्स्थापनाका लागि यस पुर्वीचौकी गाउँपालिकामा लैङ्गिक हिसा निवारण कोष तथा आपतकालीन अवस्थामा परेका बालबालिकाहरुको उद्धारको लागि आपतकालीन बालउद्धार तथा राहतकोष सञ्चालन तथा स्थापना गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि जनचेतनामुलक सीपमुलक र शसक्तिकरण गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै सहायक सामाग्री वितरणका कार्यक्रमहरु पनि सन्चालन गरिनेछ ।

- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुलाइ सम्मान गर्दै ज्येष्ठ नागरिकको भूमिका र योगदानलाइ उच्च महत्व दिइनेछ।
- किशोरीहरुका लागि जनचेतनामूलक, मानव बेचविखन र बालबिवाह न्यूनिकरणका कार्यक्रमहरुलाइ बिशेष प्राथमिकताका साथ सन्चालन गरिनेछ।
- गरिबि न्यूनीकरण एव समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइनेछ।
- पालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी र अशक्तलाई सेवामा अग्राधिकार दिइनेछ।
- गाउँपालिकाबाट वडास्तरीय बालक्लबहरु गठन भइसकेको भएता पनि आगामी आ.व.मा प्रत्येक विद्यालयहरुमा पनि बालक्लब गठन गरी बालबालिका सम्बन्धित कार्यक्रमहरुमा उनीहरुको अग्रसरता बढाउदै जाने नीति लिइनेछ।
- यस गाँउपालिकामा रहेका बालक्लबका आवद्ध पदाधिकारीहरुलाइ बालअधिकार लगायत क्षमता विकासका लागि विभिन्न तालिम र सशक्तिकरणका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्याक्तिहरुका लागि सीपमूलक तालिम कार्यक्रमका साथै विभिन्न स्वास्थ्य शिविरका कार्यक्रमहरु आगामी दिनमा सन्चालन गरिनेछ।

**आदरणीय सभासद ज्युहरु**

**अब पुर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**(ग) पूर्वाधार विकास (सडक तथा पुल, सिचाई, लघु र सञ्चार ) :**

- पुर्वीचौकी गाउपालिकाका भुकम्पबाट ध्वस्त भएका घर लगायत अन्य संरचनाहरुको पुनिर्माण गर्ने पहिलो प्राथमिकता दिइनेछ । जसका लागि भुकम्पबाट क्षति भएका घर तथा अस्थाई टहरा निर्माण गर्न पहिलो प्राथमिकतामा राखिनेछ ।
- संघीय र प्रादेशिक सरकारको सहयोगमा संचालित बिभिन्न पुर्बाधार योजनाहरुसंग नबाझिने गरी गाँउपालिकाको विकासका अन्य योजनाहरु शुरु गरिने छ । संचालन गरिएका र सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्नु पहिलो प्राथमिकता रहनेछ ।
- निर्माण गरिएका भौतिक संरचनाको दिगोपनकालागि नियमित मर्मत सम्हार कार्यक्रम संचालन गरिनेछ।
- जग्गा ब्यबस्थापन हुन सकेका वडाहरुमा आफ्नै वडा कार्यालय भवन निर्माण गरि आफ्नै भवनवाट सेवा प्रदान गरिने छ ।प्रत्येक वडाको सडकलाई थप व्यवस्थित बनाउन सडक स्तरउन्नती कार्यलाई प्रभावकारी बनाइनेछ।

- पुर्वीचौकी गाउपालिकाको विकास निर्माणलाई व्यवस्थित बनाउन अति आवश्यक रहेको रिङ्गरोड निर्माणमा गाउँपालिकाले प्रदेश तथा संघ सरकारको ध्यान आर्कषण गरिनेछ ।
- पुर्वीचौकी गाउपालिका वडा नं. ४ सानागाउँमा कबर्ड हल निर्माण तर्फ पहल गरिनेछ।
- सम्पुर्ण रु. ५ लाख भन्दा माथिका योजना तथा आयोजनाहरुको कार्यान्वयन गर्नपुर्व अनिवार्य रुपमा प्रतिवेदन, डिजाइन र ड्रोरिङ्ग बनाएर गाउपालिकाको स्वीकृत अनुसार कार्यान्वयन गरिने नीति लिइनेछ
- प्रत्येक योजनामा सार्वजनिक सूचना पाटीको अनिबार्य व्यवस्था गरिने छ ।
- पूर्वीचौकी गाउँपालिकाको रक्षा, दिगो तथा वातावरणमैत्री सडक सुरक्षा अभियान अन्तर्गत पूर्वीचौकी गाउँपालिकामा रहेका कच्चि सडकहरुलाई बाह्रै महिना चल्ने नीति लिइनेछ । जसका लागि कार्यविधि निर्माण गरि RMG ग्रुप मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै पूर्वीचौकी गाउँपालिकाको सडक सञ्जाल योजना निर्माण गरि सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"घरको रक्षा, जनताको सुरक्षा"** अभियान अन्तर्गत वस्ती विकास गर्ने नीति लिइनेछ । जसका लागि अनिवार्य नक्सा पास प्रणालि सञ्चालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका धर्मशाला, मठमन्दिर, उद्यान, गुठि आदिको सम्बर्द्धन तथा संरक्षण गरि सामुदायिक केन्द्रको रुपमा विकास गरिनेछ । जसका लागि पूर्वीचौकी गाउँपालिका वडा नं. १ को खापरदह परिसरमा विपि पार्क उद्यान निर्माणलाई संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आवश्यक सम्पुर्ण झोलुङ्गे पुलको निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ
- पूर्वीचौकी गाउँपालिकासँग जोडीएको खप्तड क्षेत्रबाट अत्याधिक लाभ लिन एक स्थानिय तह एक पर्यटन पुर्वाधार नीति अन्तर्गत पूर्वीचौकी गाउँपालिका वडा नं. २ मा पर्यटन पुर्वाधारहरु निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।
- विद्युतिकरण हुन बाकि रहेका सबै वडाका बस्तिहरुमा आगामी २ वर्षभित्रमा बिजुलि बत्ति पुऱ्याउनी नीति लिइनेछ । जसका लागि राष्ट्रिय प्रसारण लाईन वडाका प्रत्येक वस्तिमा पुऱ्याउन समन्वय र सहकार्य गरिनेछ।
- सिचाई योग्य जमिनहरुमा बाह्रै महिना सिचाईको व्यवस्था गर्ने नीति लिइनेछ । यसका लागि संघ, प्रदेश सरकार सँग समन्वय र सहकार्य गरि कार्यक्रम अगाडि बढाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा औद्योगिकग्राम स्थापना गरि कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि संघ र प्रदेश सकारसँग समन्वय र सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक यातायातलाई पहुँच योग्य सुरक्षित र भरपर्दो बनाउन सम्बन्धित सरोकारवाला सँग समन्वय र सहकार्य गरि जनताको जिवन रक्षा गरिनेछ।

- ठुला तथा दिर्घकालिन असर पार्ने आयोजनाहरु निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनका आधारमा मात्र सञ्चालन गरिने नीति लिइनेछ । यस्ता आयोजना सञ्चालनका लागि स्रोत सुनिश्चितताको व्यवस्था गरिने नीति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आयोजना सञ्चालन तथा व्यवस्थापनको लागि उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि वास्तविकता, आवश्यकता र क्षमताका आधारमा आयोजना छनोट गरि कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।
- तटबन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउन्पन्न प्रकोप नियन्त्रण गरिनेछ।
- भौतिक पुर्वाधार क्षेत्रको गुणस्तर परीक्षण तथा कायम गर्न प्राविधिक ल्याव स्थापना गरिनेछ ।
- आफ्नो मेसिन आफ्नो तेल प्रक्रियाबाट बाँकी सडक स्तोरोन्तरी र निर्माण गर्ने नीति लिइनेछ ।
- पालिकाभित्रका अतिक्रमित क्षेत्र पहिचान गरि सो क्षेत्रलाई गाउँपालिकाको मातहत ल्याइ सो क्षेत्रको संरक्षण गरिनेछ।
- सार्बजनिक, पर्ति र ऐलानी जग्गाको तथ्यांक संकलन गरि गाँउपालिकाको आवश्यकता बमोजिम नीति बनाइ त्यस्ता जमिनको उपयुक्त प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ।
- पुर्वीचौकी गाउपालिका अन्तरगत सबै वडाको भू-उपयोग योजना तयार गरि योजनाले प्रस्ताब गरेका स्थानहरुमा सोहि बमोजिम भू-उपयोग गर्ने नीति अबलम्बन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा रहेको एक्जाभैटर सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारि बनाउनको लागि पूर्वीचौकी गाउँपालिकाद्धारा निर्माण गरिने विकासका आयोजनाहरुमा अनिवार्य काममा लगाउने नीति लिइनेछ भने सडक स्तरोन्ततिका लागि मर्मत सम्भार कोषको व्यवस्था गरि ईन्धनको व्यवस्थापन कार्यालयद्धारा गर्ने र सडकको गुणस्तर कायम गरि एक्जाभैटर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा सञ्चालन गरिने विकास निर्माणका आयोजनाहरुको पारदर्शिता तथा प्रभावकारिताका लागि एकीकृत अनुगमन प्रणाली अवलम्बन गरिने नीति लिइनेछ । जसका लागि प्राविधिक ज्ञान सीपको प्रयोग गरि सघन रुपमा अनुगमन कार्य गरिनेछ ।

**आदरणीय सभासद ज्युहरु**

**अब वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन (जलाधार, जलवायु, फोहोरमैला ) :**

- पूर्वीचौकी गाउँपालिकाको विकास निर्माणका आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार अनिवार्य रुपमा वातावरणीय मुल्याङकन (IEE, BES,EIA) गर्ने नीति लिइनेछ ।

- प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरि सम्पुर्ण सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।
- पुर्वीचौकी गाउँपालिकावाट निर्मित सडक किनारामा बृक्षारोपण कार्यलाई अनिवार्य गर्न स्थानीय जनसमुदायलाई परिचालन गरिनेछ।
- जलबायू परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा अनुकुलन योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउनेजस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ, निजी वन र कबुलियती बन विकासलाई प्रोत्साहन गरिनेछ।
- योजना छनोट तथा सञ्चालन गर्दा वातावरण मैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- पहलमान सिह स्वार राजमार्ग सडक वाटो विस्तार गर्दा सडकको दायाँ बायाँ क्षेत्रमा आकर्षक विरुवा रोपी हरियाली सडक वनाउने नीतिमा जनसहभागिता हासिल गर्न प्रयास तथा प्रयत्न गरिनेछ ।
- पुर्वीचौकी गाउँपालिका अन्तरगत प्रत्येक वडामा रहेका रहेका धार्मिक स्थलहरु ( खिरसैनमा रहेको किमडेस्वर, बगलेकमा रहेको बाराही भगवती, गैरागाउमा रहेको मष्टेश्वर, सानागाउमा रहेको त्रिवेणीधाम, काडामाण्डौमा रहेको सल्कट्याल देवता, गाँजरीमा रहेको गौडेमाणु र पोखरीमा रहेको मष्टाबण्डाली) को संरक्षण तथा स्तरोउन्तरी गर्ने नीति लिइनेछ ।
- धार्मिक तथा पर्यटकिय स्थलका रुपमा रहेको रानढुङ्गा पर्यटकिय क्षेत्रको संरक्षण तथा स्तरोउन्तरीलाई नियमित गरिने नीति लिइनेछ ।
- संस्थाजन्य फोहर र हानिकारक फोहरहरु (होटल, निजि पसल, निजी क्लिनिङ्ग) को ब्यबस्थापन स्वयम् सम्बन्धित संस्थाहरुले नै गर्नुपर्ने नीति लिइनेछ।
- **<u>"एक वोट, भविष्यको नोट"</u>** अन्तर्गत पूर्वीचौकी गाउँपालिकाको हरियाली अभियानलाई प्रबर्द्धन गरिनेछ।जसका लागि सडक आयोजनामा भएको कुल बजेटको कम्तिमा २% बजेट वृक्षारोपणमा खर्च गरिनेछ।
- **<u>एक घर १० वटा वोट</u>** नीति अनुरुप वातावरणमैत्री स्थानीय शासन सञ्चालन गर्ने नीति लिइनेछ।
- स्वच्छ उर्जा दिगो स्वास्थ्य अन्तर्गत वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रवर्द्धन गर्ने नीति लिइनेछ।जसका लागि सुधारिएको चुलो, वायोग्यास, गोबरग्याँस जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- सफा र स्वच्छ गाउँघर दिगो विकासको नारा प्लाष्टिक झोला प्रयोगको नियन्त्रण गरि वातावरणमैत्री समाज निर्माण गर्ने नीति लिइनेछ।
- दिगो र प्रभावकारी संयन्त्र, विपदको उचित व्यवस्थापन अभियान अन्तर्गत विपद सम्बन्धी संस्थागत संयन्त्रको उचित परिचालन गर्ने नीति लिइनेछ । जसका लागि विपदका सबै चरणमा कार्य गर्ने गरि

कार्यक्रमहरु निजि क्षेत्र, नेपाल रेडक्रस सोसाइटी लगायत गैरसरकारी संस्थाको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरि कार्यान्वयन गरिनेछ।

- विपद व्यवस्थापनका लागि सरोकारवालाको क्षमता विकास मार्फत समाजमा जनचेतना कार्यक्रमहरु सञ्चालन गरिने नीति लिइनेछ।
- यस पूर्वीचौकी गाउँपालिकामा विभिन्न कम्पनीद्धारा विक्रि वितरण भएका मदिराका रित्तो बोतलबाट वातावरणमा परेको ठुलो चुनौतीलाई न्युनीकरण गर्न जुन कम्पनीले मदिरा विक्रि वितरण गरेको हो सोहि कम्पनीले उक्त रित्तो सिसि वोतलहरु उठाउनुपर्ने तर नगरेमा उक्त मदिरा यस पुर्वीचौकी गाउपालिकामा निषेध गरिने नीति लिइनेछ।
- गाउपालिका भित्रका विभिन्न स्थानमा कुरी र वनमाराले खेती योग्य जमीन र वनक्षेत्रलाई असर गरेकोले सामुदायिक वन र पालिकाको सरकारको सहकार्यक्रममा भएको बहुउपयोग गर्ने विषयमा सम्भाव्यता अध्ययन गरि यसलाई व्यवस्थापन गरिनेछ ।
- पालिकामा पर्ने राजमार्ग क्षेत्र तथा बजार उन्मुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ
- **धुवा रहित गाउपालिका घोषणा कार्यक्रम** गर्न सुधारिएको चुलो जडान, गोबरग्याँस प्लान्ट, सौर्य उर्जा जडान कार्यलाई प्राथमिकता दिइनेछ ।

**आदरणीय सभासद ज्युहरु**

**अब सशासन तथा संस्थागत विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

(ङ) **सुशासन तथा संस्थागत विकास**

- गाउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि सेवाको प्रकृति, परिमाण, किसिम, लागतका आधारमा कर्मचारी संगठनलाई चुस्त दुरुस्त बनाईनेछ ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न कर्मचारीहरुलाई पर्यटन काजको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र उच्चतम कर तिर्ने करदातालाई संम्मान गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्र भिन्न-भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायीहरुलाई गाउँपालिकामा अनिवार्य व्यवसाय दर्ता प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।
- पूँजिगत लगानीलाई आयमुलक योजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिने खालका आयमूलक योजनाहरुलाई प्राथमिकताका साथ सञ्चालन गर्ने नीति लिइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सिफारिस दस्तुरमा छुट दिइनेछ ।
- गाउँपालिकाभित्र घर, पसल, गोदाम, टहरा आदि भाडामा दिनेहरुसंग बार्षिक १० प्रतिशत बहाल कर उठाउने नीति लिइनेछ।

- कर्मचारीलाई सेवा प्रवाहमा थप उत्प्रेरित बनाउन आन्तरिक स्रोत वृद्धि गरि थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका निर्माण ब्यवसायीहरुले स्थानीय कर चुक्ता नगरेसम्म गाउँपालिकाभित्रका ठेक्का पट्टाहरुमा सहभागी हुन नपाउने नीति लिइनेछ ।
- बिभिन्न कर तथा दस्तुरहरुलाई कम्प्यूटरबाट नै विलिङ गर्ने प्रणाली शुरुवात गर्न ढिलो भएकोले यथासक्य छिटो कम्प्यूटर अभिलेख प्रणालीको शुरुवात गरिनेछ ।
- आगामी आर्थिक बर्षमा राजस्व सम्भाव्यता अध्ययन गरि राजस्व क्षेत्रको दायरा बढाइनेछ र सोहि बमोजिम राजस्व प्रक्षेपण गर्ने नीति अबलम्बन गरिनेछ ।
- वडा कार्यालयवाटै सम्पुर्ण कर संकलन गर्न अनलाइन कर प्रशासन सञ्चालन गरिनेछ ।
- उपलब्ध जनशक्तीको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने परिपाटीको विकास गरिनेछ। क्षमता र दक्षताको आधारमा कर्मचारीहरुलाइ उपयुक्त शाखामा कार्यीबिबरण सहित जिम्मेवारी दिईने छ ।
- पुर्वीचौकी गाउपालिकाले विपद् जोखिम व्यवस्थापन सँगै विपदको पुर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्न स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाई सुचारु गरि जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) र प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र (PEOC) सँग लिङ्क गर्दै लैजाने नीति लिइनेछ ।
- ऐन, नियमको परिधीभित्र रही कार्य सम्पादन मूल्याङ्कनको आधारमा कार्यरत कर्मचारीलाई प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यको शुरुवात गरिनेछ ।
- मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरीक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ ।
- कर्मचारीको हालमा प्राप्त गरिरहेको सेवा सुविधालाई निरन्तरता दिदै अबकास भइ जाँदाका बखत उपलब्ध गराउन चाहिने स्रोतका लागि कर्मचारी कल्याणकोषको स्थापना गरिएकोमा सो कोषलाई अझ बढी मजबुत बनाइनेछ
- दरबन्दी अनुसारको कर्मचारी ब्यबस्थापनका लागी संघिय एबम प्रादेशिक सरकारसंग समन्वय गरिनेछ
- पुर्वीचौकी गाउपालिकाको संगठन बिकास योजनाले प्रस्तावित गरेका क्षेत्रहरु कार्यान्वयन गरिने छ।
- नागरिक बडापत्र बमोजिम सेवा उपलब्ध गराइनेछ ।
- सबै खाले योजनाहरुमा अनुगमन गर्ने परिपाटीलाई कडाइका साथ लागु गरिनेछ । भौतिक पुर्बाधारका आयोजनाको गुणस्तर कायम गर्न ल्याब टेस्ट गरि सोको प्रतिवेदन पश्चात भुक्तानी प्रक्रिया अगाडी बढाईने प्रणाली शुरुवात गरिनेछ।

- "**नागरिक सहायता कक्ष**" को स्थापना गरिनेछ ।
- गाउँपालिकाको मासिक आम्दानी तथा खर्च सार्वजनिक सूचना पाटी तथा छापा सञ्चार माध्यमबाट प्रसारण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक परिक्षण, सामाजिक लेखा परिक्षण एवं सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ
- सूचनाको प्रकृति हेरी तत्काल सूचना उपलब्ध गराइने परिपाटीको विकास गरिनेछ
- प्राप्त गुनासोको तत्काल सम्बोधन गर्न सक्ने गरि संयन्त्रको बिकास गरिनेछ।
- First come first service को नीति अबलम्बन गरिने छ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरिने सेवाहरु प्रभावकारिताको लागि सेवाग्राहिको क्षमता अभिवृद्धि गरि गाउँपालिकाको सेवालाई सरल चुस्त र पार्दर्शि बनाइ सेवा प्रवाहमा One stop Service प्रणालि अवलम्बन गरिने निति लिइनेछ ।
- भुक्तानि प्रणालिलाई प्रभावकारि र सरल बनाउनका लागि E-Payment प्रणालि अवलम्वन गर्ने निति लिइनेछ।
- सरकारले सम्पादन गरेका सबै कार्यहरुमा पार्दर्शिता जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रत्येक ३ महिनामा कार्य सम्पादन सार्वजनिक गर्ने निति लिइनेछ । सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।
- सेवालाई अनुमान योग्य बनाइ कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउन डिजिटल प्रोफायल निर्माण गरि कार्य सञ्चालनलाई प्रभावकारि बनाइनेछ ।
- विकास र अध्ययन अनुसन्धान जस्ता कार्यक्रमहरु सरोकारवालाहरुको साझेदारी र सहकार्यमा सञ्चालन गर्ने निति लिइनेछ ।
- सेवाग्राहि र कार्यालय विच प्रत्येक्ष सम्बन्ध हुदाँ अनियमिता बढ्छ भन्ने सिद्धान्त अनुरुप यस्ता अनियमिता घटाउन सेवाप्रवाहालाई क्रमस डिजिटाइज गर्दै लगिनेछ ।
- जनताको दैनिक जनजीवन सुरक्षित बनाउन एवम शान्ति सुरक्षा कायम गर्नका लागि नेपाल प्रहरी र गाउँ प्रहरीहरुको क्षमता अभिवृद्धि गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- मदिरा विक्रि वितरण गर्नका लागि अनिवार्य रुपमा लाइसन्स लिनुपर्ने निति लिइनेछ । लाइसन्समा उल्लेख गरिएको समयावधिको पूर्ण पालना गर्न जनचेतना तथा अभियानमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- पूर्वीचौकी गाउँपालिको रिक्त रहेको सबै दरबन्दीहरु पुर्ति गरि कर्मचारीहरुको क्षमता विकास गर्नका लागि सुचना प्रविधि तथा तालिमको व्यवस्था गरिनेछ

- कर्मचारीको स्तरोन्नति तथा क्षमता अभिवृद्धि गर्नका लागि प्रदेश तथा संघ सरकाको सहकार्यमा कार्यक्रम अगाडि बढाइने निति लिइनेछ ।
- पूर्वीचौकी गा.पा. द्धारा संचालित बसको प्रभावकारि ढंगले संचालन गर्नका लागि संचालनको रुट परिवर्तन तथा वैज्ञानिक संचालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि E-Ticket प्रणालि जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- **निश्पक्ष तथा पारदर्शिता सरकारः पूर्वीचौकीमा शून्य भ्रष्टचार** नारा अनुरुप सेवालाई गुणस्तर, पारदर्शिता, जवाफदेही र उत्तरदायी बनाइने नीति लिइनेछ ।
- यस पुर्विचौकी गाउपालिका रहेका पुरातात्विक सम्पदाको लगत संकलन गरि धार्मिक पर्यटनमा जोड दिने नीति लिइनेछ

**आदरणीय सभासद ज्यु**

**अब म गाउँपालिकाले लिएको नीतिलाई सम्बोधन गर्नका लागि आ.व २०८०/०८१ को एक मुष्ट आय बजेट प्रस्तुत गर्न चा**हान्छु ।

| क्र.स | शीर्षक | अनुदान प्रदान गर्न निकाय/स्रोत | रकम (रु हजारमा) | अक्षरुपी |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | संघ | २३३१०० | तेईस करोड एकतिस लाख मात्र |
| | | प्रदेश | ० | |
| २ | वित्तिय समानीकरण | संघ | ८७९०० | आठ करोड उन्नासी लाख मात्र |
| | | प्रदेश | ७११४ | एकहत्तर लाख चौध हजार मात्र |
| ३ | राजश्व बाडफाड | संघ | 90855 | नौ करोड पचासी लाख पाँच हजार मात्र |
| | | प्रदेश | २२८१ | बाइस लाख एकासी हजार मात्र |
| ४ | विशेष अनुदान | संघ | ० | |
| | | प्रदेश | ८००० | असी लाख मात्र |
| ५ | समपुरक अनुदान | संघ | ० | |
| | | प्रदेश | २००० | बीस लाख मात्र |
| **जम्मा रकम** | | | ४३१२५० | त्रिचालिस करोड बाह्र लाख पचास हजार मात्र |

- हाललाई प्रस्तुत गरिएको बजेटको आन्तरिक स्रोत एकीन गरि शीर्षकगत रुपमा आय व्ययको बजेट पछि बस्ने गाउसभाको बैठकहरुमा छलफल गरि अनुमोदनका लागि गाउसभामा पेश गरि पारित गरिने व्यवस्था मिलाइनेछ ।

**आदरणीय सभासद ज्युहरु**

लोकतान्त्रिक विधी र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यबस्थित कार्यान्वयन गर्न सवै विकास साझेदारहरुसँग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ त्यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध पुर्वीचौकी गाउँपालिका निर्माणको महाअभियानमा यहाँहरुको सहकार्यको लागि सम्पूर्ण सरकारी निकायहरु, निजिक्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, संस्थाहरु एवम् अन्य सम्पुर्ण सरोकारवालाहरुसँग हार्दिक अनुरोध गर्न चाहन्छु।

**अन्त्यमा**

प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदैं यो नीति तथा कार्यक्रमलाई यस गरिमामय सभामा आवश्यक छलफल तथा स्वीकृतिको लागि पेश गरेको छु । यो नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने जनप्रतिनिधीहरु तथा राष्ट्रसेवक कर्मचारीहरु, राजनितिक दल, नागरिक समाज, बुद्धिजिवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, विकास साझेदार मित्रहरु, शिक्षक, प्राध्यापक सम्पुर्ण गाउँपालिका निवासी दाजुभाई दिदी बहिनीहरु, पालिकाको हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुर्याउनु हुने सञ्चारकर्मी मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यबाद,**

**राम प्रसाद उपाध्याय**
**अध्यक्ष, पुर्वीचौकी गाउँपालिका**
**२०८०/०३/१०**